मितिः २०७८/०५/१८ (September 3, 2021)

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

**Removable Media Security संग सम्बन्धितः**

## (१) Removable Media के हो?

Removable Media डाटालाई भण्डारण (Data Storage) गर्ने एउटा यस्तो उपकरण (Device) हो जसलाई चालू अवस्था (System Running) मा रहेको कम्प्युटर प्रणालीमा सजिलै जोड्न वा झिक्न सकिन्छ । USB flash drives, Removable Disk (Blu-ray disk, DVDs, CD-ROMs), Memory Cards (Compact flash card, secure digital card, memory stick), External hard drives, Digital cameras, Audio recorders, Smartphones आदि Removable Media का उदाहरणहरु हुन् ।

## (२) Removable Media सुरक्षा के हो?

Removable Media बाट कम्प्युटरमा Data Transfer गर्दा कम्प्युटर प्रणाली माल्वेयरबाट संक्रमित (Malware Infected) हुन सक्छ । त्यस्तै कम्प्युटर प्रणालीबाट Removable Media मा Data Transfer गर्दा Removable Media पनि संक्रमित हुन सक्छ । यसरी हुन सक्ने संक्रमण (Malware Infection) बाट सुरक्षित राख्न अपनाइने उपायहरु Removable Media सुरक्षा हो ।

## (३) Removable Media बाट हुन सक्ने जोखिमहरु के के हुन?

असुरक्षित Removable Media प्रयोग गर्दा निम्न बमोजिमको जोखिमहरु हुन सक्छन ।

- Removable Media, कम्प्युटर तथा नेटवर्कमा माल्वेयर(Malware) प्रवेश गर्न सक्ने।
- Removable Media तथा कम्प्युटर प्रणालीकोस संवेदनशील तथा महत्वपूर्ण डाटा Loss हुन सक्ने ।
- सँस्थाको प्रतिष्ठामा क्षति (Reputation Damage) हुन सक्ने ।
- आर्थिक क्षति (Financial Damage) हुन सक्ने ।

## (४) Removable Media को सुरक्षा कसरी गर्ने?

Removable Media को सुरक्षाको लागि निम्न उपायहरु अपनाऔं:-

१. USB drives, memory sticks, smartphones, SD cards external hard drives, DVDs, or other removable media लाई अरुको पहुँच नहुने गरी गोप्य स्थानमा राखौं ।

२. सामान्यतया संवेदनशील डाटालाई Removable Media मा नराखौं ।

३. Removable Media मा संवेदनशील डाटा राख्नै पर्ने भए Whole disk लाई सधै Encryption गरेर राखौं ।

४. Removable Media को Encryption Password वा Passphrase कसैलाई share नगरौं ।

५. Removable Media को व्यक्तिगत Content Delete गरेर मात्र अरुलाई प्रयोग गर्न दिऔं।

६. आफ्नो कम्प्युटर/ल्यापटप/मोबाइल उपकरणमा विश्वसनीय Antivirus को प्रयोग गरौं ।

७. Removable Media लाई नियमित रुपमा Scan गर्ने गरौं ।

८. असुरक्षित तथा सार्वजनिक कम्प्युटरमा आफ्नो Removable Media लाई प्रयोग नगरौं।

९. भेटाएको वा अपरिचित व्यक्तिबाट प्राप्त शंकास्पद Removable Media लाई आफ्नो कम्प्युटरमा सिधै प्रयोग नगरौं ।

१०. Removable Media मा भएका विवरणलाई Backup गरी राख्ने गरौं ।

११. कम्प्युटर प्रणालीको Auto-Play/Auto-run Feature लाई disable गरेर राखौं ।

१२. संवेदनशील डाटा भएको Removable Media लाई सुरक्षित साथ अरुले विवरण निकाल्न नमिल्ने गरी dispose गरौं ।

**Nepal Telecommunications Authority (NTA)**

**Cyber Security Task Force (NTACERT)**

**Jamal, Kathmandu, Nepal**

**Email: cert@nta.gov.np, Website: www.nta.gov.np**